# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## २०० केभी भोल्टेज स्टेबलाईजर
## खरिद गर्ने बारेको सिलवन्दी दरभाउपत्र आह्वनाको सूचना

(प्रथम पटक प्रकाशित मिति : **२०७२/१२/१५** )

यस कार्यालयको लागि २०० केभीएको स्टेबलाईजर थान १ आवश्यक भएको हुँदा बैंकले तोकेको स्पेसिफिकेशन बमोजिमको खरिद गर्नु पर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विवरण | संख्या | अधिकतम अनुमानित प्रती थान मुल्य (रू.) |
|---|---|---|---|
| १ | स्टेबलाईजर २०० केभीए | १ | रू.८,५५,१००।- (मु.अ.कर बाहेक) |
| | | | |

**<u>शर्तहरू</u>**

१. दरभाउपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले बैंकले तोकेको टेक्नीकल स्पेसिफिकेशन अनुसारको २०० केभीएको स्टेबलाईजर थान १ आपुर्ति गरी जडान समेत गर्नका लागि भिन्दा भिन्दै सिलवन्दी दरभाउपत्र पेश गर्न सक्नेछन् ।

२. दरभाउपत्र पेश गर्न चाहने फर्म/कम्पनीहरुले सिलवन्दी दरभाउपत्रका साथ फर्म/कम्पनी दर्ता गरेको प्रमाणपत्र, व्यवसाय नविकरण गर्नु पर्ने भए सो समेत गरेको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि र आ.व.२०७१/७२ को सम्बन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि वा आ.व. ०७१/७२ कर विवरण पेश गरेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

३. फर्म वा कम्पनीको तर्फबाट सिलवन्दी दरभाउपत्र पेश गर्दा फर्मका तर्फबाट अख्तियारी दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रकासाथ २०० केभीएको स्टेबलाईजर थान १ का लागि जमानत वापत रु.२६,०००।- (रुपैया छब्बीस हजार मात्र) रकम नगदै यस बैंकको नेपालगञ्ज कार्यालयको **सण्ड्री क्रेडिटर्स हिसाब २१०९९९/०११/००२/५२४** मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

५. सिलवन्दी दरभाउपत्र फाराम यो सूचना राष्ट्रिय दैनिक पत्रिका "नेपालगन्ज दैनिक" पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ४.०० बजेसम्म तोकिएको दस्तुर रू.५००।- तिरी (पछि फिर्ता नहुने गरी) यस बैंकको नेपालगञ्ज कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय नेपालगन्जबाट खरीद गर्न सकिने छ । साथै, सिलवन्दी दरभाउपत्रका साथमा खरिद गरिने सामानको टेक्निकल स्पेसिफिकेशन समेत उपलब्ध गराईनेछ ।

६. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२.०० बजे भित्र सिलवन्दी दरभाउपत्र यस बैंकको नेपालगञ्ज कार्यालयको आन्तरीक प्रशासन फाँटमा पेश गरी सक्नु पर्नेछ । साथै, सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभए पनि) सिलवन्दी दरभाउपत्र खोलिनेछ ।

७. दरभाउपत्रदाता कुनै सरकारी वा गैरसरकारी सँस्थाको कालो सूचीमा परेको हुनु हुँदैन । दरभाउपत्रदाताले आफु सिलवन्दी दरभाउपत्रमा भाग लिन हरतरहले योग्य भएको **स्वघोषणा-पत्र** समेत पेश गर्नु पर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको नेपालगञ्ज कार्यालय आन्तरीक प्रशासन फाँटमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।

९. यो सुचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंक
नेपालगन्ज कार्यालय